# कानेपोखरी गाउँपालिका

## कानेपोखरी राजपत्र

खण्ड ५ संख्या ५ मितिः २०७९।०३।३२

## भाग १

**कानेपोखरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बयरवन, मोरङ, प्रदेश नं. १, नेपाल**

मिति २०७९ साल आषाढ २९ गते बसेको कानेपोखरी गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनको तेस्रो बैठकबाट पारित भएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।

# कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०७९

**गाउँपालिका अध्यक्षज्यूबाट प्रमाणीकरण मितिः** २०७९।०४।३१

**प्रस्तावनाः** आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहको एकल अधिकार सूची तथा सोको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) को उपखण्ड (१६) मा व्यवस्था भएको **निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन** सम्बन्धी गाउँपालिकाको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित र पारदर्शी तवरले कार्यान्वयन गर्दै गाउँपालिका क्षेत्रभित्रैका विद्यार्थीहरुलाई मापदण्ड बमोजिम विभिन्न विधामा उच्च शिक्षा अध्ययनमा छात्रवृत्ति प्रदान गरी भविष्यमा गाउँपालिका क्षेत्रभित्रै क्रमशः दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्दै जाने व्यवस्थालाई संस्थागत गर्न आवश्यक देखिएकाले,

नेपालको संविधानको धारा ५७ को उपधारा (४) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कानेपोखरी

गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनको तेस्रो बैठकबाट यो विधेयक पारित भएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम **"कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०७९"** रहेको छ।

(२) यो ऐन कानेपोखरी राजपत्रमा प्रकाशन भए पश्चात् गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

२. <u>परिभाषा र व्याख्याः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अध्यक्ष"** भन्नाले कानेपोखरी गाउँपालिका, मोरङका अध्यक्षलाई सम्झनुपर्छ।

(ख) **"उपाध्यक्ष"** भन्नाले कानेपोखरी गाउँपालिका, मोरङका उपाध्यक्षलाई सम्झनुपर्छ।

(ग) **"ऐन"** भन्नाले **कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०७९** लाई सम्झनुपर्छ।

(घ) **"कार्यपालिका"** भन्नाले कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) **"कार्यालय"** भन्नाले कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, मोरङलाई सम्झनुपर्छ।

(च) **"गाउँपालिका"** भन्नाले कानेपोखरी गाउँपालिका, मोरङलाई सम्झनुपर्छ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** कानेपोखरी गाउँपालिका, मोरङका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ज) **“प्राविधिक विधा”** भन्नाले स्वास्थ्य, कृषि, इञ्जिनियरिङ, वन तथा वातावरण, खाद्य प्रविधि, खानेपानी तथा सरसफाई र कार्यपालिकाले प्राविधिक विधा भनी तोकेको अन्य विधालाई समेत सम्झनुपर्छ।

(झ) **"वडा"** भन्नाले कानेपोखरी गाउँपालिका, मोरङको कुनैपनि वडालाई सम्झनुपर्छ।

(ञ) **"विद्यालय"** भन्नाले गाउँपालिका क्षेत्रभित्र सरकारी तथा सामुदायिक तवरबाट कक्षा ११ र १२ अध्यापन गराउने शिक्षण संस्थालाई सम्झनुपर्छ।

(ट) **“विपन्न परिवार”** भन्नाले **गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५** बमोजिम गरिब परिचयपत्र प्राप्त गाउँपालिका क्षेत्रभित्रका परिवारलाई सम्झनुपर्छ।

(ठ) **“लक्षित समुदाय”** भन्नाले सङ्घीय तथा प्रदेश कानूनको सीमाभित्र रही कार्यपालिकाले तोकेको समुदायलाई सम्झनुपर्छ।

(ड) **“शिक्षा शाखा”** भन्नाले गाउँपालिकामा शिक्षा क्षेत्र हेर्नेगरी जिम्मेवारी तोकिएको शाखालाई सम्झनुपर्छ।

(ढ) **"शिक्षण संस्था"** प्राविधिक विधामा उच्च शिक्षा अध्यापन गराउने गरी कार्यपालिकाले छनोट गरेको शिक्षण संस्थालाई सम्झनुपर्छ।

(ण) **"शिक्षा अधिकृत"** भन्नाले कानेपोखरी गाउँपालिका, मोरङका शिक्षा अधिकृतलाई सम्झनु पर्छ र सो शब्दले प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा हेर्ने कर्मचारी समेतलाई सम्झनुपर्छ।

(त) **“स्वीकृत बजेट”** भन्नाले सभा तथा कार्यपालिकाले यो ऐनमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्नका लागि विनियोजन गरेको बजेटलाई सम्झनुपर्छ।

(थ) **"सभा"** भन्नाले कानेपोखरी गाउँपालिका, मोरङको गाउँ सभालाई सम्झनुपर्छ।

(द) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(ध) **"समिति"** भन्नाले यस ऐनको दफा १२ मा व्यवस्थापन भएको छात्रवृत्ति व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

## परिच्छेद २

## <u>निःशुल्क शिक्षा, पालिकाको इच्छा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था</u>

**३. <u>निःशुल्क शिक्षा, पालिकाको इच्छा कार्यक्रम सञ्चालन गरिनेः</u>** (१) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कक्षा ११ र १२ अध्ययन गर्न भर्ना हुने कानेपोखरीबासी विद्यार्थीहरुलाई लक्षित गरी निःशुल्क शिक्षा, पालिकाको इच्छा नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमबाट कानेपोखरीबासी विद्यार्थीहरुलाई गाउँपालिका क्षेत्रभित्रको सामुदायिक विद्यालय मार्फत् क्रमशः कक्षा ११ र १२ निःशुल्क अध्यापन गराउँदैं लगिनेछ।

(३) उपदफा (२) मा व्यवस्था भएको निःशुल्क शिक्षाका लागि गाउँपालिकाबाट देहायमा उल्लिखित शीर्षक वापतको रकम व्योहोरिनेछः

(क) भर्ना शुल्क,

(ख) मासिक शुल्क र,

(ग) उपलब्ध स्रोत समेतका आधारमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले उपलब्ध गराउने अन्य शीर्षकको शुल्क तथा दस्तुर।

(४) उपदफा (३) को खण्ड (क) र खण्ड (ख) मा उल्लिखित शीर्षकको दर प्रत्येक वर्ष समितिको सिफारिसमा कार्यपालिकाले निर्धारण गर्नेछ।

(५) उपदफा (४) मा व्यवस्था भएको शीर्षकको दर निर्धारण गर्दा अन्य विषयका अतिरिक्त कक्षा ११ र १२ को भर्ना शुल्क तथा मासिक शुल्क निर्धारण गर्ने जिम्मेवारी पाएको सरकारी निकायको दरलाई मुख्य आधार मानिनेछ।

४. **निःशुल्क शिक्षा, पालिकाको इच्छा कार्यक्रमका लागि स्वीकृत बजेट रकमको निकासा, खर्च र लेखापरीक्षण सम्बन्धी व्यवस्थाः** (१) निःशुल्क शिक्षा, पालिकाको इच्छा नामक कार्यक्रमका लागि स्वीकृत बजेटबाट कानेपोखरीबासी विद्यार्थीहरुलाई कक्षा ११ र १२ को अध्ययन क्रमशः निःशुल्क गर्न सम्बन्धित विद्यालयमा रकम निकासा गरिनेछ।

(२) प्रत्येक त्रैमासिकमा विद्यालयले उपदफा (१) बमोजिमको रकम शिक्षा शाखा मार्फत कार्यालय समक्ष माग गर्नु पर्नेछ।

(३) विद्यालयले उपदफा (२) बमोजिमको रकम माग गर्दा विद्यालय व्यवस्थापन समितिको निर्णय, विद्यार्थीको हाजिरी तथा आइइएमआइएसमा कक्षा ११ र १२ अध्ययन गर्ने विद्यार्थीको प्रविष्ट प्रमाणित तथ्यांक र सम्बन्धित वडाको सिफारिस समेत संलग्न राखी निकासा माग गर्नु पर्नेछ।

(४) शिक्षा शाखाबाट प्राप्त प्रमाणित तथ्यांक सहितको सिफारिसका आधारमा कार्यालयले स्वीकृत बजेटबाट उपदफा (१) मा व्यवस्था भए बमोजिमको रकम विद्यालयको खातामा सोझै जम्मा हुनेगरी निकासा गर्नेछ।

(५) उपदफा (४) बमोजिम निकासा भएको रकम विद्यालयले आफ्नो खातामा आम्दानी बाँधी प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ।

(६) उपदफा (४) तथा उपदफा (५) बमोजिम हुने निकासा तथा खर्चको प्रचलित कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखा परीक्षण गरी/गराई सोको प्रतिवेदन नियमितरुपमा शिक्षा शाखा समक्ष पेश गर्ने दायित्व सम्बन्धित विद्यालय स्वयंको हुनेछ।

(७) यो ऐनमा व्यवस्था भएको निःशुल्क शिक्षा, पालिकाको इच्छा कार्यक्रम कार्यान्वयनमा इमानदारिता नदेखाउने विद्यालयलाई ऐनले व्यवस्था गरे बमोजिमको रकम निकासा रोक्का राखी प्रचलित कानून बमोजिमको कारवाही प्रकृया अघि बढाउन सकिनेछ।

# परिच्छेद ३

## प्राविधिक विधामा रोजगारी, कानेपोखरीका छोराछोरी कार्यक्रम सम्बन्धी व्यवस्था

५. <u>प्राविधिक विधामा रोजगारी, कानेपोखरीका छोराछोरी कार्यक्रम सञ्चालन गरिनेः</u> (१) गाउँपालिका क्षेत्रभित्रै दक्ष प्राविधिक जनशक्ति क्रमशः उत्पादन गर्नका लागि "प्राविधिक विधामा रोजगारी, कानेपोखरीका छोराछोरी" नामक कार्यक्रम सञ्चालन गरिनेछ।

(२) स्वीकृत बजेटको सीमाभित्र रही उपदफा (१) बमोजिमको कार्यक्रम क्रमशः प्रत्येक वर्ष सञ्चालन गर्दै लगिनेछ।

(३) उपदफा (१) मा व्यवस्था भएको कार्यक्रम देहाय बमोजिम सञ्चालन गरिनेछः

(क) प्रत्येक वडाबाट कम्तीमा एकजना विद्यार्थीलाई प्राविधिक विधामा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको छात्रवृत्ति प्रत्येक वर्ष उपलब्ध गराइने,

(ख) स्वीकृत बजेटको सीमाभित्र रही गाउँपालिका क्षेत्रभित्रबाट कार्यपालिकाले तोकेको संख्याका विद्यार्थीलाई स्नातक वा सोभन्दा माथिल्लो तहको छात्रवृत्ति उपलब्ध गराउन सकिने।

(४) उपदफा (३) को खण्ड (क) मा व्यवस्था भएको प्रवीणता प्रमाणपत्र तह वा सो सरहको छात्रवृत्तिमा सहभागी हुने विद्यार्थीको छनोट देहाय बमोजिम गरिनेछः

(क) सम्बन्धित वडाको सिफारिसमा समितिबाट प्रत्येक वर्ष छनोट हुने प्राविधिक विधाको छात्रवृत्तिमा सहभागिता जनाउन चाहने इच्छुक योग्यता प्राप्त वडाबासी विद्यार्थीले कार्यपालिकाले तोकेको शिक्षण संस्थाले सञ्चालन गर्ने प्रवेश परीक्षामा सहभागिता जनाउनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम सञ्चालन हुने प्रवेश परीक्षामा सबैभन्दा उच्चतम स्कोर ल्याउने सम्बन्धित वडाबासी एकजना विद्यार्थीलाई उपदफा (३) को खण्ड (क) मा व्यवस्था भए बमोजिमको छात्रवृत्तिका लागि छनोट गरिनेछ।

(५) उपदफा (३) को खण्ड (ख) मा व्यवस्था भएको स्नातक वा सोभन्दा माथिल्लो तहको छात्रवृत्तिमा सहभागी हुने विद्यार्थीको छनोट देहाय बमोजिम गरिनेछः

(क) समितिको सिफारिसमा कार्यपालिकाले तोकेको प्राविधिक विधाको छात्रवृत्तिमा सहभागिता जनाउन चाहने इच्छुक योग्यता प्राप्त

गाउँपालिकाबासी विद्यार्थीले कार्यपालिकाले तोकेको शिक्षण संस्थाले सञ्चालन गर्ने प्रवेश परीक्षामा सहभागिता जनाउनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम सञ्चालन हुने प्रवेश परीक्षामा सबैभन्दा उच्चतम स्कोर ल्याउने गाउँपालिकाबासी विद्यार्थीलाई उपदफा (३) को खण्ड (ख) मा व्यवस्था भए बमोजिमको छात्रवृत्तिका लागि छनोट गर्न सकिनेछ।

६. <u>आफ्नै पहलमा प्राविधिक विधामा उच्च शिक्षा अध्ययन गरी रहेका विपन्न परिवार समुहभित्रका विद्यार्थीलाई समेत छात्रवृत्ति सहयोग गर्न सकिनेः</u> (१) आफ्नै पहलमा अन्यत्र शिक्षण संस्थामा प्राविधिक विधामा उच्च शिक्षा अध्ययन गरी रहेका गाउँपालिका क्षेत्रभित्रका विपन्न परिवारका विद्यार्थीले आफूले अध्ययन गरी रहेको शिक्षण संस्थामा तिर्नु वा बुझाउनु पर्ने शुल्क वा दस्तुर वा विद्यार्थीको अध्ययनसँग सम्बन्धित खर्चमा स्वीकृत बजेट शीर्षकबाट केही रकम छात्रवृत्ति स्वरुप सहयोग गर्न सकिनेछ।

(२) उपदफा (१) मा व्यवस्था भएको छात्रवृत्ति सहयोग लिन चाहने विद्यार्थीहरुलाई लक्षित गरी समितिले प्रत्येक वर्ष कम्तीमा पन्ध्र दिने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) छात्रवृत्ति सहयोग लिन चाहने विद्यार्थीले उपदफा (२) बमोजिम प्रकाशित हुने सूचनामा उल्लिखित प्रमाण एवम् कागजात संलग्न राखी समिति समक्ष रीतपूर्वकको आवेदन गर्नु पर्नेछ।

(४) समितिले उपदफा (३) बमोजिम आवेदन गर्ने विद्यार्थीहरु यस दफामा व्यवस्था भएको छात्रवृत्ति सहयोग लिन योग्य भए/नभएको सम्बन्धमा रुजु परीक्षण गरी छात्रवृत्ति सहयोग पाउन योग्य देखिएका विद्यार्थीको छनोट र छात्रवृत्ति सहयोग वापत् उपलब्ध गराइने रकम सहितको निर्णय गर्नु पर्नेछ।

(५) स्वीकृत बजेटभित्रबाट कार्यालयले उपदफा (४) बमोजिम भएको निर्णय अनुसारको रकम शिक्षण संस्था वा विद्यार्थीको बैंक खातामा सोझै जम्मा हुने गरी रकम निकासा गर्नु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिका क्षेत्रभित्र विपन्न परिवार परिचयपत्र वितरणको कार्य सम्पन्न नहुञ्जेलसम्म यस दफा बमोजिम प्रदान गरिने छात्रवृत्ति सहयोग पाउने विद्यार्थीको छनोट समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ।

७. **<u>सरकारी तथा गैरसरकारी निकायसँगको साझेदारीमा समेत छात्रवृत्तिका कार्यक्रम सञ्चालन गर्न सकिनेः</u>** (१) गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने लक्षित समुदायभित्रका जेहेन्दार विद्यार्थीको उच्च शिक्षालाई लक्षित गरेर कुनै सरकारी तथा गैरसरकारी निकायले साझेदारीमा कुनैपनि विधाको छात्रवृत्ति उपलब्ध गराउने भएमा त्यस्तो निकाय र गाउँपालिकावीच छात्रवृत्तिको शर्त, विधा, सेवासुविधा, भूमिका र जिम्मेवारी लगायतका विषय उल्लेख गरी आपसमा समझदारी-पत्र सहित सम्झौता गर्नु पर्नेछ।

(२) समितिले उपदफा (१) को समझदारी-पत्रका आधारमा स्वीकृत बजेटभित्रबाट छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) समितिले उपदफा (१) बमोजिम गरिने समझदारी-पत्र अनुसार जुन वर्ग तथा समुदायको विद्यार्थीलाई लक्षित गरेर छात्रवृत्ति कार्यक्रम सञ्चालन हुने हो, सोही वर्ग तथा समुदायभित्रका इच्छुक योग्यताप्राप्त विद्यार्थीहरुवीच प्रतिष्पर्धा गराएर मात्र छात्रवृत्तिका लागि विद्यार्थीको छनोट गर्नु पर्नेछ।

(४) यस दफामा व्यवस्था भए बमोजिमको छात्रवृत्तिका लागि छनोट हुने विद्यार्थीलाई समझदारी-पत्रमा उल्लेख भए बमोजिमको छात्रवृत्ति वापतको रकम समितिको सिफारिसमा कार्यालयले बैंक खाता मार्फत् उपलब्ध गराउनेछ।

## परिच्छेद ४

## <u>कबुलियतनामा सम्बन्धी व्यवस्था</u>

८. **<u>निःशुल्क शिक्षा, पालिकाको इच्छा कार्यक्रमबाट लाभ लिन चाहने विद्यार्थीले कबुलियतनामा गर्नुपर्नेः</u>** (१) यस ऐनको दफा ३ को उपदफा (१) मा व्यवस्था भएको निःशुल्क शिक्षा, पालिकाको इच्छा कार्यक्रमबाट लाभ लिन चाहने कानेपोखरीबासी विद्यार्थीहरुले कक्षा ११ र १२ मा भर्ना हुँदाका वखत् अनुसूची १ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ।

९. **<u>प्राविधिक विधामा रोजगारी, कानेपोखरीका छोराछोरी कार्यक्रममा छनोट हुने विद्यार्थीले कबुलियतनामा गर्नुपर्नेः</u>** (१) यस ऐनको दफा ५ को उपदफा (४) को खण्ड (ख) बमोजिम प्रवीणता प्रमाणपत्र तह वा सो सरहको प्राविधिक विधाको छात्रवृत्तिमा छनोट हुने विद्यार्थीले अध्ययनमा जानु अघि कम्तीमा एक वर्ष गाउँपालिकामै रही कार्य गर्नेगरी अनुसूची २ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ।

(२) यस ऐनको दफा ५ को उपदफा (५) को खण्ड (ख) बमोजिम स्नातक वा सोभन्दा माथिल्लो तहको प्राविधिक विधाको छात्रवृत्तिमा छनोट हुने विद्यार्थीले

अध्ययनमा जानु अघि कम्तीमा डेढ वर्ष गाउँपालिकामै रही कार्य गर्नेगरी अनुसूची २ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ।

१०. **आफ्नै पहलमा अन्यत्र शिक्षण संस्थामा प्राविधिक विधामा उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति सहयोग पाउने विद्यार्थीले कबुलियतनामा गर्नुपर्नेः** यस ऐनको दफा ६ बमोजिम आफ्नै पहलमा अन्यत्र शिक्षण संस्थामा प्राविधिक विधामा उच्च शिक्षा अध्ययन गर्न गाउँपालिकाबाट छात्रवृत्ति स्वरुप केही रकम सहयोग पाउने विद्यार्थीले आफूले अध्ययन गरेको विषयसँग सम्बन्धित सेवामा गाउँपालिकालाई कुनैपनि समयमा सेवा उपलब्ध गराउन अनुसूची ३ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ।

११. **सरकारी तथा गैरसरकारी निकायसँगको साझेदारीमा सञ्चालन हुने छात्रवृत्ति पाउने विद्यार्थीले कबुलियतनामा गर्नुपर्नेः** यस ऐनको दफा ७ को उपदफा (३) मा व्यवस्था भएको सरकारी तथा गैरसरकारी निकायसँगको साझेदारीमा सञ्चालन हुने छात्रवृत्ति कार्यक्रममा छनोट हुने लक्षित समुहका विद्यार्थीले अध्ययनमा जानुअघि अनुसूची ४ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ।

## परिच्छेद ५

## छात्रवृत्ति व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

१२. **छात्रवृत्ति व्यवस्थापन समितिको गठनः** (१) यस ऐन बमोजिम उपलब्ध गराइने निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी कार्यप्रकृयालाई व्यवस्थित बनाउन तथा यस विषयमा आवश्यक समन्वय एवम् व्यवस्थापन समेत गर्न गाउँपालिकामा देहाय बमोजिम एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) गाउँपालिकाका उपाध्यक्ष — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक — सदस्य

(ङ) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक र संस्थागत विद्यालय (मा.वि.स्तर) का प्रधानाध्यापकहरुमध्येबाट गाउँपालिकाका अध्यक्षले मनोनयन गरेको एक/एकजना — सदस्य

(च) गाउँपालिका क्षेत्रभित्रका शिक्षाविद्हरुमध्येबाट कम्तीमा एकजना महिला सहित कार्यपालिकाबाट मनोनित दुईजना — सदस्य

(छ) शिक्षा अधिकृत — सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ) र खण्ड (च) बमोजिम मनोनित समितिको सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य सम्बन्धित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१३. <u>छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u> यस ऐनको अन्यत्र दफामा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका क्षेत्रभित्रको निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति सम्बन्धी व्यवस्थालाई दीर्घकालिन र प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

(ख) गाउँपालिका क्षेत्रभित्रको सर्वाङ्गीण विकासका लागि भविष्यमा आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्तिको आंकलन गरी स्थानीयस्तरमै त्यस्ता जनशक्ति उत्पादनका लागि नीति तयार गरी कार्यपालिकामा पेश गर्ने।

(ग) यस ऐन बमोजिम उपलब्ध गराइने निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गरी सोको प्रतिवेदन वार्षिकरुपमा कार्यपालिकामा पेश गर्ने,

(घ) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा विभिन्न निकायहरुबीच आवश्यक समन्वय गर्ने,

(ङ) वडाको सिलिङभित्र विनियोजन हुने जुनसुकै प्रकारको छात्रवृत्ति कार्यक्रम कार्यान्वयन गर्न छात्रवृत्ति वितरणको विधि र पद्धति निर्धारण गर्ने।

(च) यस ऐनमा उल्लेख भएका कार्यक्रम कार्यान्वयनका लागि प्रचलित कानून बमोजिम व्योहोर्नु पर्ने खर्च सम्बन्धित स्वीकृत बजेट शीर्षक भित्रबाट व्योहोर्ने गरी निर्णय गर्ने।

(छ) यस ऐनको उद्देश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकामा परामर्श उपलब्ध गराउने।

(ज) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति सम्बन्धी कार्यपालिकाले तोकेको कार्यहरु गर्ने।

## परिच्छेद ६

## विविध

१४. **निःशुल्क शिक्षा र प्राविधिक एवम् अन्य विधाका छात्रवृत्तिलाई दिगोपना गरिने:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा व्यवस्था भएको गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले विषयक्षेत्रगत बजेट सिलिङ निर्धारण गर्दाका वखत यस ऐन बमोजिम उपलब्ध गराइने निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति सम्बन्धी कार्यक्रम सञ्चालनका लागि एक आर्थिक वर्षभरीमा हुनसक्ने अनुमानित व्ययको विवरण समितिबाट लिई सोही बमोजिम कार्यक्रमका लागि बजेट सिलिङ कायम गरी कार्यक्रमलाई दिगोपना कायम गर्नु पर्नेछ।

१५. **दोहोरो पर्ने गरी छात्रवृत्ति उपलब्ध नगराइने:** (१) यस ऐन बमोजिम उपलब्ध गराइने छात्रवृत्तिको विधामा नेपाल सरकार तथा प्रदेश सरकारको कुनै निकायबाट छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीलाई दोहोरो पर्ने गरी छात्रवृत्ति उपलब्ध गराइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आवास सुविधा सहितको छात्रवृत्ति नपाएका विद्यार्थीलाई भने यस ऐन बमोजिम उपलब्ध गराइने छात्रवृत्तिमा आवास खर्च स्वरुप केही रकम सहयोग गर्न सकिनेछ।

१६. **वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने:** समितिले यस ऐनले परिलक्षित गरेको सम्पूर्ण काम कारवाहीका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ र, सो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

१७. **अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था:** (१) कार्यपालिकाले आफूलाई यस ऐन बमोजिम प्राप्त अन्य काम, कर्तव्य र अधिकारमध्ये केही अधिकार समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारमध्ये केही अधिकार अध्यक्ष वा उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) उपदफा (१) र उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वीकृत बजेटभन्दा बाहेकको आर्थिक व्ययभार सिर्जना हुने कार्यका लागि अधिकार प्रत्यायोजन गर्न सकिने छैन।

१८. **<u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** (१) यस ऐनमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा/अड्चन आइ परेमा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो द्विविधा वा बाधा/अड्चन फुकाउन सक्नेछ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिम फुकाइएको वाधा/अड्चनको जानकारी सभामा पेश गरी अनुमोदन गराउनु पर्नेछ।

१९. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

२०. **<u>नियम वा निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेः</u>** यस ऐनको कार्यान्वयनका लागि समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक नियम वा निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ।

२१. **<u>खारेजी र बचाऊः</u>** (१) छात्रवृत्तिमा प्राविधिक शिक्षा उपलब्ध गराउनका लागि बनाइएको कार्यविधि, २०७५ तथा  निःशुल्क शिक्षा तथा विद्यार्थी प्रोत्साहनसँग सम्बन्धित कार्यपालिकाबाट यस अघि जारी सम्पूर्ण मापदण्ड तथा निर्णयहरु खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम भए गरेका काम कारवाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची १**

(ऐनको दफा ८ सँग सम्बन्धित)

कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को दफा ८ मा व्यवस्था भए बमोजिम निःशुल्क शिक्षा, पालिकाको इच्छा नामक कार्यक्रमबाट लाभ लिन चाहने गाउँपालिकाबासी विद्यार्थीले विद्यालय समक्ष गर्ने कबुलियतनामाः

१. कानेपोखरी गाउँपालिकाको निःशुल्क शिक्षा, पालिकाको इच्छा कार्यक्रम मार्फत् ममाथि लगानी हुने रकमबाट कक्षा ११ र १२ नियमितरुपमा अध्ययन गरी तह पूरा गर्नेछु।

२. काबु बाहिरको परिस्थिति बाहेक बीचैमा कक्षा ११ र १२ को अध्ययन छोड्ने छैन।

३. माथि उल्लिखित व्यवस्था एवम् ऐनमा भएको व्यवस्था विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा कानेपोखरी गाउँपालिकाले निःशुल्क शिक्षा, पालिकाको इच्छा कार्यक्रम मार्फत् ममाथि गरेको सम्पूर्ण लगानी रकम तथा सोमा कानेपोखरी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत मेरो जायजेथाबाट सरकारी बाँकी सरह असूल उपर गर्नका लागि मञ्जुर हुनेछु।

| सि.नं. | कक्षाको नाम | भर्ना हुने विद्यार्थीको नाम, थर र सम्पर्क नं. | अभिभावको नाम, थर र सम्पर्क नं. | विद्यार्थीको हस्ताक्षर | अभिभावकको हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**कबुलियतनामा गराउने-**

प्रधानाध्यापकको नाम, थरः

हस्ताक्षरः

मितिः

वि. व्य. समितिको अध्यक्षको नाम, थरः

हस्ताक्षरः

मितिः

**रोहबरमा बस्नेः**

विद्यालय रहेको वडाको वडा अध्यक्षको नाम, थरः

हस्ताक्षरः

मितिः

## अनुसूची २

(ऐनको दफा ९ को उपदफा (१) र उपदफा (२) सँग सम्बन्धित)

कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को दफा ९ को उपदफा (१) वा उपदफा (२) मा व्यवस्था भएको प्राविधिक विधाको रोजगारी, कानेपोखरीका छोराछोरी नामक कार्यक्रमबाट छात्रवृत्तिमा छनोट हुने विद्यार्थीले कानेपोखरी गाउँपालिकासँग गर्ने कबुलियतनामा

मोरङ जिल्ला कानेपोखरी गाउँपालिका .....नं. वडा निवासी श्री ................................................ को छोरा/छोरी वर्ष .. को म श्री ......................... ले कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को दफा ५ मा व्यवस्था भएको (प्रवीणता प्रमाणपत्र तह वा सो सरह/स्नातक वा सोभन्दा माथिल्लो तहको प्राविधिक विधा) छात्रवृत्तिका लागि छनोट भई श्री ................................................ (शिक्षण संस्थाको नाम र ठेगाना) मा मिति २० । । देखी सञ्चालन हुने अध्ययन कार्यक्रममा जान लागेकोले मैले कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को दफा ९ को उपदफा (१) वा उपदफा (२) मा व्यवस्था भए अनुसार कानेपोखरी गाउँपालिका, मोरङसँग देहाय बमोजिम यो कबुलियतनामा गरेको छु।

(क) अध्ययन कार्यक्रममा सहभागी हुनका लागि निर्धारित मितिभित्र श्री ............................................. (शिक्षण संस्थाको नाम र ठेगाना) मा हाजिर हुन जानेछु। अध्ययन अवधिभर शिक्षण संस्थाको नीति, नियमको पूर्णरुपमा पालना गर्नेछु।

(ख) उल्लिखित छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को पूर्णरुपमा पालना गर्नेछु।

(ग) अध्ययन कार्यक्रम सम्पन्न भए पश्चात् कम्तीमा ... वर्ष कानेपोखरी गाउँपालिकामा रही अनिवार्य सेवा गर्नेछु।

(घ) काबुभन्दा बाहिरको परिस्थिति बाहेक मेरो निजी कारणले अध्ययन पूरा नगरी बीचैमा छोड्ने छैन। मैले यस अघि कुनैपनि सरकारीस्तरको निकायबाट यही विषयमा छात्रवृत्ति/दोहोरो सुविधा समेत लिएको छैन। अध्ययन पूरा गरे पश्चात् गाँउपालिकाले खटाएको स्थानमा काम गर्नेछु। अध्ययनको अवधिमा विषय परिवर्तन गर्ने छैन।

(ङ) माथि उल्लिखित व्यवस्था एवम् ऐनमा भएको व्यवस्था विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा कानेपोखरी गाउँपालिकाले छात्रवृत्तिको रुपमा म माथि गरेको सम्पूर्ण लगानी रकम तथा सोमा कानेपोखरी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत मेरो जायजेथाबाट सरकारी बाँकी सरह असूल उपर गर्नका लागि मञ्जुर हुनेछु।

(च) यस कबुलियतनामा उल्लिखित विषयका अतिरिक्त अन्य विषयका हकमा छात्रवृत्ति व्यवस्थापन समिति एवम् गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयनमा मञ्जुर हुनेछु।

**कबुलियतनामा गराउने अधिकारीको-**

नाम, थरः श्री

हस्ताक्षरः

दर्जाः प्रमुख प्रशासकीय अधिकृत, कानेपोखरी गाउँपालिका।

**कबुलियतनामा गर्ने विद्यार्थीको-**

नाम, थरः श्री

हस्ताक्षरः

ठेगानाः

**रोहबरमा बस्ने-**

सम्बन्धित वडाका वडा अध्यक्षको नाम, थरः श्री

विद्यार्थीको अभिभावकको नाम, थर र ठेगानाः श्री

शिक्षा अधिकृतको नाम, थरः श्री

**मितिः २० । ।**

## अनुसूची ३

(ऐनको दफा १० सँग सम्बन्धित)

कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को दफा १० मा व्यवस्था भएको आफ्नै पहलमा अन्यत्र शिक्षण संस्थामा प्राविधिक विधामा उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति सहयोग पाउने विद्यार्थीले कानेपोखरी गाउँपालिकासँग गर्ने कबुलियतनामा

मोरङ जिल्ला कानेपोखरी गाउँपालिका .....नं. वडा निवासी श्री ......................................................................को छोरा/छोरी वर्ष .. को म श्री .......................... ले कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को दफा ६ मा व्यवस्था भए बमोजिम छात्रवृत्ति सहयोग पाउन छनोट भएको छु। म श्री ....................................................... (शिक्षण संस्थाको नाम र ठेगाना) मा मिति २० । । देखी निरन्तर ........... विधामा ...........................(कुन तहको अध्ययन हो सो उल्लेख गर्ने) आफ्नै पहलमा अध्ययन गरी रहेको छु। **गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५** बमोजिम गरिब परिचयपत्र प्राप्त परिवारभित्र म पर्ने भएकाले कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम मैले अध्ययन गरी रहेको शिक्षण संस्थामा मैले पाउने रकम जम्मा गर्नुअघि कानेपोखरी गाउँपालिकासँग देहाय बमोजिम यो कबुलियतनामा गरेको छु।

(क) अध्ययन कार्यक्रममा निरन्तर सहभागी हुनेछु। अध्ययन अवधिभर शिक्षण संस्थाको नीति, नियमको पूर्णरुपमा पालना गर्नेछु।

(ख) कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को पूर्णरुपमा पालना गर्नेछु।

(ग) अध्ययन कार्यक्रम सम्पन्न भए पश्चात् मैले अध्ययन गरेको विषयसँग सम्बन्धित सेवा गाउँपालिकालाई आवश्यकता परेमा कार्यपालिकाले निर्धारण गरी दिएको शुल्क लिई वा केही समयका लागि नलिई परामर्श सेवामा गाउँपालिकालाई सहयोग गर्नेछु।

(घ) काबुभन्दा बाहिरको परिस्थिति बाहेक मेरो निजी कारणले अध्ययन पूरा नगरी बीचैमा छोड्ने छैन।

(ङ) माथि उल्लिखित व्यवस्था एवम् ऐनमा भएको व्यवस्था विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा कानेपोखरी गाउँपालिकाले छात्रवृत्तिको रुपमा म माथि गरेको सम्पूर्ण लगानी रकम तथा सोमा कानेपोखरी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत मेरो जायजेथाबाट सरकारी बाँकी सरह असूल उपर गर्नका लागि मञ्जुर हुनेछु।

(च) यस कबुलियतनामा उल्लिखित विषयका अतिरिक्त अन्य विषयका हकमा कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन समिति एवम् कार्यपालिकाको निर्णय कार्यान्वयनमा मञ्जुर हुनेछु।

**कबुलियतनामा गराउने अधिकारीको-**

नाम, थरः श्री

हस्ताक्षरः

दर्जाः प्रमुख प्रशासकीय अधिकृत, कानेपोखरी गाउँपालिका।

**कबुलियतनामा गर्ने विद्यार्थीको-**

नाम, थरः श्री

हस्ताक्षरः

ठेगानाः

**रोहबरमा बस्ने-**

सम्बन्धित वडाका वडा अध्यक्षको नाम, थरः श्री

विद्यार्थीको अभिभावकको नाम, थर र ठेगानाः श्री

शिक्षा अधिकृतको नाम, थरः श्री

**मितिः २०  ।  ।**

## अनुसूची ४

(ऐनको दफा ११ सँग सम्बन्धित)

कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को दफा ११ मा व्यवस्था भएको सरकारी तथा गैरसरकारी निकायसँगको साझेदारीमा सञ्चालन हुने छात्रवृत्तिमा छनोट हुने विद्यार्थीले कानेपोखरी गाउँपालिकासँग गर्ने कबुलियतनामा

मोरङ जिल्ला कानेपोखरी गाउँपालिका .....नं. वडा निवासी श्री ...........................................................................को छोरा/छोरी वर्ष .. को म श्री .......................... ले कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को दफा ७ मा व्यवस्था भएको सरकारी तथा गैरसरकारी निकायसँगको साझेदारीमा सञ्चालन हुने छात्रवृत्तिका लागि छनोट भई श्री ........................................................ (शिक्षण संस्थाको नाम र ठेगाना) मा मिति २० । । देखी शुरु हुने अध्ययन कार्यक्रममा जान लागेकोले मैले कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को दफा ११ मा व्यवस्था भए अनुसार कानेपोखरी गाउँपालिका, मोरङसँग देहाय बमोजिम यो कबुलियतनामा गरेको छु।

(क) अध्ययन कार्यक्रममा सहभागी हुनका लागि निर्धारित मितिभित्र श्री ........................................................... (शिक्षण संस्थाको नाम र ठेगाना) मा हाजिर हुन जानेछु। अध्ययन अवधिभर शिक्षण संस्थाको नीति, नियमको पूर्णरुपमा पालना गर्नेछु।

(ख) उल्लिखित छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को पूर्णरुपमा पालना गर्नेछु।

(ग) अध्ययन कार्यक्रम सम्पन्न भए पश्चात् कम्तीमा ... वर्ष कानेपोखरी गाउँपालिकामा रही अनिवार्य सेवा गर्नेछु।

(घ) काबुभन्दा बाहिरको परिस्थिति बाहेक मेरो निजी कारणले अध्ययन पूरा नगरी बीचैमा छोड्ने छैन। मैले यस अघि कुनैपनि सरकारीस्तरको निकायबाट यही विषयमा छात्रवृत्ति/दोहोरो सुविधा समेत लिएको छैन। अध्ययन पूरा गरे पश्चात् गाँउपालिकाले खटाएको स्थानमा काम गर्नेछु। अध्ययनको अवधिमा विषय परिवर्तन गर्ने छैन।

(ङ) माथि उल्लिखित व्यवस्था एवम् ऐनमा भएको व्यवस्था विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा कानेपोखरी गाउँपालिकाले छात्रवृत्तिको रुपमा म माथि गरेको सम्पूर्ण लगानी रकम तथा सोमा कानेपोखरी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत मेरो जायजेथाबाट सरकारी बाँकी सरह असूल उपर गर्नका लागि मञ्जुर हुनेछु।

(च) यस कबुलियतनामा उल्लिखित विषयका अतिरिक्त अन्य विषयका हकमा छात्रवृत्ति व्यवस्थापन समिति एवम् गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयनमा मञ्जुर हुनेछु।

**कबुलियतनामा गराउने अधिकारीको-**

नाम, थरः श्री

हस्ताक्षरः

दर्जाः प्रमुख प्रशासकीय अधिकृत, कानेपोखरी गाउँपालिका।

**कबुलियतनामा गर्ने विद्यार्थीको-**

नाम, थरः श्री

हस्ताक्षरः

ठेगानाः

**रोहबरमा बस्ने-**

सम्बन्धित वडाका वडा अध्यक्षको नाम, थरः श्री

विद्यार्थीको अभिभावकको नाम, थर र ठेगानाः श्री

शिक्षा अधिकृतको नाम, थरः श्री

**मितिः २० । ।**

आज्ञाले,

सन्तोष घिमिरे

प्रमुख प्रशासकीय अधिकृत, कानेपोखरी गाउँपालिका, मोरङ।